आज मिती २०८१ चैत्र १८ गते सोमबारका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितीमा **नगर कार्यपालिका** आर्थिक वर्ष २०८१/८२ को **नवौं बैठक** बसी देहाय बमोजिमका निर्णयहरु गरीयो ।

## उपस्थिती

| सि.नं | नामथर | पद/दर्जा | कार्यालय/ठेगाना | मोबाईल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख | मंगलसेन न.पा. | ९८६८५२३७५१ | |
| २ | श्री संगिता कुमारी रावल | नगर उपप्रमुख | मंगलसेन न.पा. | ९८६८५५५९०७ | |
| ३ | श्री लोकराज नाथ | वडा अध्यक्ष | मंगलसेन न.पा. १ | ९८५८४८२१०१ | |
| ४ | श्री देवेन्द्र ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. २ | ९८५८४८२१०२ | |
| ५ | श्री बिर्ख बहादुर बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. ३ | ९८४८५२६७१० | |
| ६ | श्री नाम सिंह धामी | वडा अध्यक्ष | मंगलसेन न.पा. ४ | ९८४८६१५७३८२ | |
| ७ | श्री झंकर प्रसाद भाट | वडा अध्यक्ष | मंगलसेन न.पा. ५ | ९८६८४१५६२४ | |
| ८ | श्री देवेन्द्र प्रसाद भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ६ | ९८५८४८२१०६ | |
| ९ | श्री राज बहादुर शाही | वडा अध्यक्ष | मंगलसेन न.पा. ७ | ९८५८४८२१०७ | |
| १० | श्री ज्ञानेन्द्र ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ८ | ९८६१५३९८४७ | |
| ११ | श्री पदम ब. बोहरा | वडा अध्यक्ष | मंगलसेन न.पा. ९ | ९८५८४८२१०९ | |
| १२ | श्री जनक ब. कुंवर | वडा अध्यक्ष | मंगलसेन न.पा. १० | ९८५८४८२११० | |
| १३ | श्री नर बहादुर भण्डारी | वडा अध्यक्ष | मंगलसेन न.पा. ११ | ९८६८४४८४४८ | |
| १४ | श्री खगेन्द्र ब. रावल | वडा अध्यक्ष | मंगलसेन न.पा. १२ | ९८५८४८२११२ | |
| १५ | श्री हिक्मत ब. बोगटी | वडा अध्यक्ष | मंगलसेन न.पा. १३ | ९८४८४२९५२५ | |
| १६ | श्री शिव बहादुर सोडारी | वडा अध्यक्ष | मंगलसेन न.पा. १४ | ९८५८४८२११४ | |
| १७ | श्री रेखा रावल | का.पा.स. | म.न.पा. ९ | ९८६४३१६५६४ | |
| १८ | श्री कौशिला ठकुल्ला | सदस्य | म.न.पा. ५ | ९८४८०८३५६९ | |
| १९ | श्री हंश थापा | सदस्य | म.न.पा. १ | ९८४४१६६२१५ | |
| २० | श्री भाना विष्ट | सदस्य | म.न.पा. ३ | ९८४६६९५७०४ | |
| २१ | श्री मनसरा थ्याइत | सदस्य | म.न.पा. ७ | ९७४६५३२८५२ | |
| २२ | श्री प्रेम भुल | सदस्य | म.न.पा. ४ | ९८४८५५००१५ | |
| २३ | श्री मुगा परियार | सदस्य | म.न.पा. १२ | ९८४७५४३३२८ | |
| २४ | श्री गोविन्द बि.क. | सदस्य | म.न.पा. ११ | ९७४२३७८८७५ | |
| २५ | श्री गहेन्द्र बहादुर डाँगी | सचिव | म.न.पा. | ९८५८४२९१११ | |

निर्णय नं. १

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चान. १६०४ मिति २०८१।११।२१ को पत्रानुसार प्रमुख प्रशासकिय अधिकृतमा आउनुभएका श्री गेहेन्द्र बहादुर डाँगी ज्यूलाई स्वागत सहित सफल कार्यकालको शुभकामना व्यक्त गरीयो ।

निर्णय नं. २

कार्यपालिकाको आठौं बैठकमा ८ वटा निर्णय भएकोमा ६ वटा निर्णयहरु रकम सुनिश्चित, खाद्य व्यावस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय काठमाडौं सँग सम्झौता, संघिय समपुरक अनुदान र विशेष अनुदान तथा प्रदेश समपुरक र विशेष अनुदान अन्तरगत योजनाहरु छनौट गरी लागत स्टिमेट सहित सिफारिश, कृषि हाटबजार ५ वटा कोठा प्रचलित प्रतिकोठा रु २००० का दरले भाडामा दिने गरी सम्झौता, हेल्भिटाँस नेपालिको आर्थिक तथा प्राविधिक सहजिकरणमा संचालित आर्थिक वर्ष २०८२।८३ मा कार्यन्वयन हुने गरी खानेपानी योजनाहरु सिफारिश, स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन अन्तिम नतिजा अनुमोदन गर्ने निर्णयहरु कार्यन्वयन भएको साथै क्षमता विकास र कर्मचारी भर्ना गर्ने निर्णय कार्यालय प्रमुख नभएको कारण कार्यन्वयन नभएकोले कार्यन्वयन हुन बाँकि निर्णय यथासक्य कार्यन्वयनमा लैजाने ।

निर्णय नं. ३

चालु आर्थिक वर्ष २०८१/८२ मा सुदुरपश्चिम प्रदेश सरकारवाट सशर्त बजेटका रुपमा प्राप्त नमुना खानेपानी मुहान संरक्षण /पुनभरण कार्यक्रम शिर्षकमा विनीयोजित रकम तपशिलका योजना तथा हरु देहायका वडाहरुमा कार्यन्वयन गर्ने निर्णय गरीयो ।

| क्रस | खानेपानी मुहान | स्थान/वडा | कैफियत |
|---|---|---|---|
| १ | सिउतिखाँद खाल निर्माण | वडा नं १ | |
| २ | सुगुरे खाल निर्माण | वडा नं. ६ | |
| ३ | सुइपानी खाल निर्माण | वडा नं. ३ | |
| ४ | चिण्डेखाल निर्माण | वडा नं. ५ | |
| ५ | देउप्नना खाल निर्माण | वडा नं. ५ | |
| ६ | माटिखाल निर्माण | वडा नं. १२ | |
| ७ | अयाँर वण्ड ताल निर्माण/संरक्षण | वडा नं. १४ | |
| ८ | अईतला खाल निर्माण | वडा नं. ७ | |
| ९ | कर्ला आम मुहान सुधार | वडा नं. १० | |
| १० | पाइग्रेमेला मुहान सुधार | वडा नं. ११ | |

२०८२।१२।१८

निर्णय नं. ४

चालु आर्थिक वर्ष २०८१।८२ को लागी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यन्वयनमा ढिलाई भएकोले सबै शाखाबाट संचालन हुने कार्यक्रम पौष मसान्त सम्म संचालन गरिसक्ने तथा सबै वडा कार्यालय विनियोजित बजेट अन्तरगतका योजना तथा कार्यक्रम यहि चैत्र मसान्तसम्म सम्झौता गरिसक्ने तोकिएको समयसिमा भन्दा पछि सम्झौता नगर्ने ।

निर्णय नं. ५

कृषि हाटबजार संचालनका लागी निर्माण गरीएको जस्तापाताबाट निर्मित टहरा/घर हाल करिब १ वर्ष देखी खालि रहि संचालनमा नरहेको तथा डान्स क्लब स्थापनाको लागी विराज ढुंगानाले २ वटा कोठा भाडामा लिन निवेदन दिएकोले निजलाई प्रतिकोठा रु २००० का दरले असारमसान्तसम्म भाडामा दिने गरी सम्झौता प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं. ६

आकस्मिक रुपमा संचालन गर्नु पर्ने देहायका योजना तथा कार्यक्रममा प्राविधिक लागत अनुमानका आधारमा तपशिलको रकम सुनिश्चित गर्ने ।

| क्र.स. | योजना/कार्यक्रमको नाम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | इन्टरकम टेलिफोन जडान | १ लाख | ईन्टरनेट व्यवस्थापन |
| २ | हल र शौचालय निर्माण | १० लाख | अन्य सार्वजनिक निर्माण |
| ३ | जुपुखौला मैदान निर्माण | ९५ हजार | अन्य सार्वजनिक निर्माण |
| ४ | आधारभुत स्वा. स. वडा न. ६ | ५० हजार | सरसफाई शिर्षकबाट |

निर्णय नं. ७

चालु विभिन्न आर्थिक वर्ष को वार्षिक स्वीकृत बजेट बमोजिम ठेक्का भई कार्यन्वयन भइरहेका तपशिलका योजनाहरुको ठेक्का म्याद यहि चैत्र मसान्तसम्म मात्र रहेकोमा जग्गा विवाद तथा २ महिना कार्यालय प्रमुख विहिनताको अवस्थाको कारण ठेकेदारले म्याद थपको लागी निवेदन दिएका तपशिलका योजनाहरुको ठेक्का म्याद जेठ मसान्तसम्म थप गर्ने ।

| क्र.स. | ठेक्का योजनाको नाम | म्याद थप |
|---|---|---|
| १ | वडा कार्यालय भवन वडा नं. १ | असार १५ सम्म |
| २ | मुख्य बजार सडक कालोपत्रे | असार १५ सम्म |
| ३ | मुख्य बजार सडक कालोपत्रे रेडक्रसबाट | असार १५ सम्म |
| ४ | वडा नं १४ को वडाकार्यालय भवन निर्माण | असार १५ सम्म |

०८१/१२/१८

निर्णय नं. ८

कृषि तथा पशु सेवा केन्द्र संचालन छिटो गर्न सम्वन्धित शाखालाई निर्देशन गर्ने, राजश्व संकलनको लागी सवै वडाहरुलाई नगदि रसिद प्रयोगको लागी अनुमति प्रदान गर्ने, जनप्रतिनिधीको यातायात खर्च र विमा वापत भएको खर्चको वेरुजु फछ्यौंटको लागी लेखा समिति मार्फत आगामी नगरसभामा प्रतिवेदन पेश गर्ने, ठुलासेन बजारमा ३ स्थानमा डस्टविन व्यवस्थापन गर्ने ।

निर्णय नं. ९

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्वन्धि कार्यविधि, २०८१ दफा १ बमोजिम भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजिकरण गर्न देहायको नगरस्तरिय भूमि समसेया सहजिकरण समिति गठन गरीयो ।

| | |
|---|---|
| श्री पदम बहादुर बोहरा नगर प्रमुख | संयोजक |
| श्री संगिता रावल नगर उपप्रमुख | उपसंयोजक |
| श्री ने.का. | सदस्य |
| श्री डम्बर वहादुर रावल नेकपा एमाले | सदस्य |
| श्री कमल बहादुर थापा नेकपा माओवादी | सदस्य |
| श्री दिपक वहादुर साउँद रास्वपा | सदस्य |
| श्री राप्रपा | सदस्य |
| श्री प्रेम भुल का.पा. सदस्य | सदस्य |
| श्री हंश थापा का.पा.सदस्य | सदस्य |
| श्री भिम वहादुर जनाला | सदस्य |
| श्री | सदस्य |
| श्री | सदस्य |
| श्री गेहेन्द्र वहादुर डाँगी | स. सचिव |

निर्णय नं. १०

चालु आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा मन्दिरहरु उपभोक्ता मार्फत निर्माण गर्दा ५० प्रतिशत लागत साझेदारी अनिवार्य गरिएकोमा मुर्ति/ताम्रपत्र/घण्टा/टुंगाल खरिद गर्दा १५ प्रतिशत मात्र लागत साझेदारी कायम गर्ने ।

निर्णय नं. १

यहि मिति २०८१ चैत्र २६ गते बेलुका बाजिगढि जयगढ गाँउपालिकाको जयगढ बजारमा भएको आगलागी पिडितहरुलाई रु १५०,००० राहत प्रदान गर्ने साथै यस नगरपालिका वडा नं ८ का माटो ढिस्कोमा पुरिएर ज्यान गुमाएका देउरुपा साउँद बोहरा र विनिता बिष्ट बोहराका परिवारलाई रु १५०००/१५००० क्रियाखर्च वापत राहत प्रदान गर्ने ।

निर्णय नं. २

चालु आर्थिक वर्ष २०८१।८२ को लागी स्वीकृत बार्षिक वजेट तथा कार्यक्रम अन्तरगत नगरपालिका र सुदुपश्चिम प्रदेश सरकार समपुरक अनुदानबाट मंगलसेन खेलमैदान पूर्वाधार निर्माण MM/ACH/NCB/W-05/2081/82 को लागी कुल लागत अनुमान रकम रु ४८,३२,९१८.५२ (भ्याट र पि.एस. सहित) तथा कबोल अङ्क रु ४७,७७,७३८.२९ (भ्याट र पि.एस. सहित) भएकोमा सो बीच १.१४ प्रतिशत मात्र कम भई रु ५५,१८०.२३ मात्रले कम गरी बोलकबोल भई आउँदा पूर्ण प्रतिस्पर्धा भएको अवस्था नदेखिएको, प्रस्तुत बोलपत्र स्वीकृत गर्दा नगरपालिकाको अनपेक्षित वढी वित्तिय भार वहन गर्नुपर्ने अवस्थालाई गम्भिरतापूर्वक मध्येनजर गरी नगरपालिका र नगरवासिको वित्तिय सुशासनको अपेक्षालाई सुदृढ गर्ने मार्गचित्रलाई हृदयगम गरी प्रस्तुत बोलपत्र रद्द गर्ने र सार्वजनिक खरिद ऐन, २०६३ दफा १४ उपदफा ४ (ख) बमोजिम तत्काल बोलपत्र आव्हान गर्ने।

निर्णय नं. ३

आकस्मिक रुपमा संचालन गर्नु पर्ने देहायका योजना तथा कार्यक्रममा प्राविधिक लागत अनुमानका आधारमा तपशिलको रकम सुनिश्चित गर्ने ।

| योजना तथा कार्यक्रम | स्थान | रकम | कैफियत |
|---|---|---|---|
| कोकिला आ.वि. खेलमैदान निर्माण | म.न.पा. १२ | ४०,००० | नगरको डोजर पठाउने |
| शिव पुराण सञ्चालन सहयोग | म.न.पा. ३ | ५ लाख | |
| सिपमुलक तालिम यातायात खर्च | हिक्मत सोडारी | २०,००० | उधम विकास कार्यक्रम |
| आप्रवासि स्रोतकेन्द्र निर्माण खर्च | जिल्ला प्रशासन कार्यालय | १००,००० | अन्य सार्वजनिक निर्माण |

निर्णय नं. ४

दमकलको मर्मत समय आएको र सो मर्मतको लागी स्विकृती दिने र टिप्परको मर्मतवापतको रकम प्रक्रिया पुर्याइ भुक्तानी गर्ने ।

२०८१।१२।२९

निर्णय नं. ५

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५.२ बमोजिम देहाय बमोजिमको पालिकास्तरीय उद्यम विकास समिति गठन गरियो ।

| | |
|---|---|
| श्री पदम बहादुर बोहरा नगर प्रमुख | संयोजक |
| श्री शिव बहादुर सोडारी, वडा अध्यक्ष न.पा-१४, आर्थिक विकास समिति संयोजक | सदस्य |
| श्री गेहेन्द्र बहादुर होमी, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री हंशकुमारी थापा, का.पा. सदस्य महिला | सदस्य |
| श्री भजन बोगटि महिला उद्यमी वडा नं. ५ | सदस्य |
| श्री भरत रावल, कैलाश बचत तथा रिण सहकारी म.न.पा. ५ | सदस्य |
| श्री राम बहादुर बुढा मेड्पा शाखा प्रमुख | सदस्य सचिव |

निर्णय नं. ६

मिति २०८१ चैत्र ३१ गते बिहान नगर शिक्षा समितिको बैठकले गरेका देहायका निर्णयहरु अनुमोदन गरीयो ।

प्रस्तावहरु

१.रनिङ शिल्ड प्रतियोगिताको खर्च रकम अनुमोदन सम्बन्धमा ।

२.दिवा खाजा भान्साघर छनोट सम्बन्धमा।

३.कम्प्युटर र फोटोकपी वितरण छनोट सम्बन्धमा ।

४.आईसिटी ,पुस्तकालय र विज्ञान प्रयोगशालाका विधालय छनोट सम्बन्धमा ।

५.कक्षा ५ र ८ को अन्तिम नतिजा सम्बन्धमा ।

६.कक्षा थप अनुमति सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव न. १ माथी छलफल गर्दा यस नगरपालिकाले १५औं जिल्ला स्तरिय रनिङ शिल्ड प्रतियोगिता सहभागीताका लागि मिति २०८१ माघ २७ देखि फागुन ३ सम्म ६० जना खेलाडी र ३ जना प्रशिक्षकको भत्ता ,खाना ,खाजा र आवास सहित बन्द प्रशिक्षण ७ दिन सम्म सन्चालन गरेको र सो बन्द प्रशिक्षण पश्चात मिति २०८१ फागुन ६ देखि ११ सम्म १५औं जिल्ला स्तरिय रनिङ शिल्ड प्रतियोगिता सहभागीता भएर प्रथम स्थान प्राप्त गर्न सफल भएकाले सो पश्चात उक्त प्रतियोगितामा सहभागी भएका खेलाडी मध्य स्वर्ण रजत र कास्य पदक विजेता खेलाडीलाई व्याक्तिगत विधा तर्फ त्रमश रु५०००। ,३०००। र २०००। तथा सामुहिक विधातर्फ प्रतियोगितामा स्वर्ण विजेता समुहलाई रु१००००।र प्रतियोगितामा खटिएका प्रशिक्षकहरु प्रोत्साहन स्वरुप रु २०००। दरले सम्मान गर्ने र सो प्रतियोगिताका दौरान खेलकुद कार्यक्रममा भएको भत्ता,पोशाक,खाजा,खाना,आवास, यातायात, पुरुस्कार लगायत कुल खर्च २८,९३०,९२।-खर्च भएको र उक्त कार्यक्रमका लागी नपुग भएको रकम शिक्षा शाखाको अन्य शिर्षक बाट खर्च व्यहोर्ने गरि कुल खर्च रकम अनुमोदनका लागी नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव न. २ माथी छलफल गर्दा शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व. २०८१।८२ को स्विकृत बजेटमा रहेको विधालयका लागि दिवाखाजा भान्साघर अनुदान कार्यक्रम अन्तर्गत मिति २०८१ माघ २१ गतेको यस शाखाको सुचना अनुसार जम्मा १० वटा विधालयले भान्साघर अनुदानका लागि प्रस्तावना पेश गरेको विधालयमा विभिन्न समयमा गरिएको अनुगमन प्रतिवेदन अनुसार तपसिलका तिन वटा विधालयमा दिवाखाजा भान्साघर निर्माणका छनोट गर्ने निर्णय पारित गरियो ।

| त्र.स. | विधालयको नाम | ठेगाना | बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जाल्पा आधारभुत विधालय | मंगलसेन-१ | २५००००।- | |
| २ | श्री जाल्पादेवि माध्यमिक विधालय | मंगलसेन-७ | २५००००।- | |
| ३ | श्री प्रगतिशिल आधारभुत विधालय | मंगलसेन-१ | २५००००।- | |

प्रस्ताव न. ३ माथी छलफल गर्दा शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व. २०८१।८२ को स्विकृत बजेटमा रहेको विद्यालयका लागि आइसिटि सामाग्री वितरण अनुदान कार्यक्रम अन्तर्गत मिति २०८१ माघ २१ गतेको यस शाखाको सुचना अनुसार जम्मा १३ वटा विद्यालयले आइसिटी सामाग्री अनुदानका लागि प्रस्तावना पेश गरेको विद्यालयमा विभिन्न समयमा गरिएको अनुगमन तथा विधार्थि संख्या र कक्षा १-५ सन्चालन भएका विद्यालयलाई प्राथमिकता दिँदा तपसिलका ७ वटा विद्यालयमा आइसिटी सामाग्री अनुदान दिने निर्णय पारित गरियो ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | आइसिटी सामाग्री | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मालिका आधारभुत विद्यालय | मंगलसेन-१ | कम्प्युटर, प्रिन्टर फोटोकपी सहित | |
| २ | श्री कोकिला आधारभुत विद्यालय | मंगलसेन-१२ | कम्प्युटर, प्रिन्टर फोटोकपी सहित | |
| ३ | श्री जाल्पा आधारभुत विद्यालय | मंगलसेन-८ | कम्प्युटर, प्रिन्टर फोटोकपी सहित | |
| ४ | श्री देवल आधारभुत विद्यालय | मंगलसेन-५ | कम्प्युटर, प्रिन्टर फोटोकपी सहित | |
| ५ | श्री ज्ञानदिप आधारभुत विद्यालय | मंगलसेन-३ | कम्प्युटर, प्रिन्टर फोटोकपी सहित | |
| ६ | श्री खम्म आधारभुत विद्यालय | मंगलसेन-२ | कम्प्युटर, प्रिन्टर फोटोकपी सहित | |
| ७ | श्री बालविकास आधारभुत विद्यालय | मंगलसेन-१४ | कम्प्युटर, प्रिन्टर फोटोकपी सहित | |

प्रस्ताव न. ४ माथी छलफल गर्दा यस नगरपालिकामा शिक्षा ससर्त कार्यक्रमका लागि प्राप्त बजेट अनुसार शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकको बजेटलाई कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१।८२अनुसार कार्यन्वयन गर्ने मिति २०८१ माघ २१ गतेको यस शाखाको सुचना अनुसार जम्मा २६ वटा विद्यालयले आईसिटी ल्याव ,पुस्तकालय र विज्ञान प्रयोगशाला अनुदानका लागि प्रस्तावना पेश गरेको २०७७ साल भन्दा पछाडी तोकिएका कार्यक्रम छनोट भएका विद्यालयलाई समेत आधार बनाएर तपसिलका तिन वटा विद्यालयलाई ३ वटा कार्यक्रम अनुदानका लागी छनोट निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | कार्यक्रमको नाम | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री पार्वती माध्यमिक विद्यालय | मंगलसेन-१२ | आईसिटी | ६५००००।- | |
| २ | श्री षोडशादेवि माध्यमिक विद्यालय | मंगलसेन-५ | विज्ञान प्रयोगशाला | ६५००००।- | |
| ३ | श्री कालिका माध्यमिक विद्यालय | मंगलसेन-१२ | पुस्तकालय | ६५००००।- | |

प्रस्ताव न. ५ माथी छलफल गर्दा यस नगरपालिकाले शैक्षिक शत्र २०८१ को कक्षा ५ र ८ को वार्षिक परिक्षका सबै विषयका उत्तरपुस्तकाहरु परिक्षण गर्दा समग्रमा पालिकाको नतिजा तपसिल अनुसार रहेकाले सो नतिजालाई आगामी शैक्षिक सत्रमा सुधार गर्नका लागी विद्यालयका प्र.अ. संग छलफल गर्ने तथा कक्षा ५ र ८ को अन्तिम नतिजा प्रकाशनको जिम्मेवारी विद्यालयालाई दिने र सो नतिजा प्रकाशन गर्न पूर्व शिक्षा शाखाले निश्चित मापदण्ड तयार गरि मात्र नतिजा प्रकाशन गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव न. ६ माथी छलफल गर्दा यस नगरपालिकामा कक्षा थप अनुमति निवेदन पेश गरेको तपसिलका विद्यालयलाई कक्षा थप अनुमति दिने प्रयोजनका लागि गठित प्राविधिक समिति दिएको राय आधारमा तपसिल विद्यालयलाई शैक्षिक शत्र २०८२ बाट कक्षा थप गर्ने निर्णय गरियो।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | हाल सन्चाल रहेको कक्षा | अनुमित माग कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री गंगा माध्यमिक विद्यालय | मंगलसेन-६ | कक्षा १-१० | कक्षा -११ | अनुमिति दिने |
| २ | अछाम बहुमुखी क्याम्पस | मंगलसेन-५ | कक्षा ११-१२ | कक्षा-९ | अनुमिति दिने |
| ३ | श्री शिवनिवास आधारभुत विद्यालय | मंगलसेन-३ | कक्षा-७ | कक्षा-८ | अनुमिति दिने |

२०८१।१२।२९